सशीश लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर




■ बर्ष-१५, ▶▶ अंक ४०५ भदौ १७ गते बिहिबार,२०७८, September–2 Thursday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ-४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# गाईघाटमा नगर प्रहरी कडाईका साथ उत्रियो

❖ बेद कुमारी राई

*गाईघाट, भदौ १६*

त्रियुगा नगरपालिका उदयपुरका नगर प्रहरी अहिले पछिल्लो समय कडाईका साथ उत्रिएको छ । त्रियुगा नगरपालिकाको वडा नम्बर ११ गाईघाट बजारको सडकपेटीमा हस्तक्षेप गरी पैदलयात्रुलाई अबरोध गर्ने व्यापारीहरुलाई पन्छाउन नगर प्रहरी कडाईका साथ उत्रिएको हो ।



भदौ १६ गते त्रियुगा नगरपालिकाका नगर प्रहरीले गाईघाट बजारको श्रमिक पार्कमुनी रहेको सडकपेटीमा तरकारी ब्यापार गर्ने तरकारी ब्यापारीहरुलाई त्यहाँ बाट हटाएको छ। त्यस्तै गाईघाटको पेट्रोल पम्प लाईन, हिमाली टोलका सडकपेटीमा राखिएको होडिङ बोर्ड, खाट पनि नगर प्रहरीले हटाएको छ । त्यस्तै नगर प्रहरी अहिले बजार क्षेत्रको सडकपेटी सफाई गर्न सफल भएको छ ।



जिल्ला खेलकुद विकास समितिको उदयपुरको बोक्सेमा रहेको कर्बडहल अहिले छानो चुहिएर जिर्ण अबस्थामा रहेको छ । कर्बडहलको छानोबाट पानी अत्याधिक चुहुने भएकाले दैनिक खेल गतिविधि संचालन गर्न खेलाडीहरुको खेल गतिविधिमा बाधा आएको छ। जिल्ला खेलकुद बिकास समिति उदयपुर सँग मर्मत सम्भारको लागि आर्थिक नहुँदा सरोकार निकायसँग मर्मतको लागि ध्यानकर्षण गरिएको जिल्ला खेलकुद बिकास समिति उदयपुरका कार्यालय प्रमुख प्रकाशराम राईले बताए । तस्बिर - मुलुकी

# चप्पनको काठ खोई ?

❖ बुद्धि कुमार राई

*उदयपुर, भदौ १६*

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट त्रियुगा नगरपालिका ११ शिबालयटोल ढिम्कीस्थित रहेको चप्पन सामुदायिक बनको एक सय किबि सखुवाको काठ हराएको आठ महिना बितिसक्दा समेत पत्ता लाग्न सकेको छैन ।





२०७७ पुसमा सामुदायिक बनको कार्यालय परिसरमा राखिएको उक्त एक सय किबि मात्राको काठ समुहले हराएको जनाएको थियो । नेपाली काङ्ग्रेस निकट महेन्द्र सिग्देल अध्यक्ष रहेको सो समुहको काठ अझै पत्ता लगाउन सकिएको छैन । जिल्ला डिभिजन बन कार्यालय उदयपुरका जिल्ला बन अधिकृत अम्बिका प्रसाद पौडेलका अनुसार अनुसन्धान भईरहको र जो कोही पनि कारबाहीको भागिदार बन्ने बताए ।







प्रदेश सरकार

ef}ltsk"jf{wf/ ljsf; dGqfno

oftfoft Joj:yf lgb]{zgfno

**यातायात व्यवस्था सेवा कार्यालय**

प्रदेश नं. १, गाईघाट उदयपुर

## आशयपत्र पेश गर्नें समन्धी १५ दिने सार्वजनिक सूचना

k|6dk6s k|sflzt ldltM@) &*÷) %÷!&

यस कार्यालयबाट नयाँ तथा वर्ग थपसमेतका सवारी चालक अनुमतिपत्र जारी गर्नका लागि प्रयोगात्मक परीक्षास्थल यस कार्यालयको स्वामित्व वा सरकारि ट्रायल सेन्टर नरहेको हुँदा हाललाई निजि क्षेत्रका मापदण्ड पुगेका ट्रायल सेन्टरबीच प्रचलित कानूनबमोजिम प्रतिस्पर्धाबाट छनौट गरी सेवा सुचारु गर्न यातायात व्यवस्था निर्देशनालय प्रदेश नं. १ ईटहरीको च.नं. १०४ मिति २०७८।०५।११ को पत्रबाट लेखिआएको हुँदा हाललाई ट्रायल सेन्टरको सवारी साधन सेवाग्राहीले प्रयोग गर्ने र सो प्रयोग गरेवापत सेवाग्राहीबाटै प्रति सेवाग्राही के कति शुल्कमा उपलब्ध गराउन सकिन्छ सोको मोटरसाइकल, स्कुटरलगायत साना ठूला सवारीको लागि छुट्टाछुट्टै विवरण खुलाई लिने गरी कार्यालयलाई आर्थिक भार नपर्ने गरी उचित र उपयुक्त स्थानबाट सेवा लिने व्यवस्था गर्न ईच्छुक सवारी चालक प्रशिक्षण केन्द्रलाई शिलबन्दी प्रस्ताव पेस गर्नलागि तपशिलबमोजिमको विवरणसहित प्रमाण कागजात संलग्न गरी आसयपत्र पेस गर्न १५ दिने सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

१. कार्यालयको नामः यातायात व्यवस्था सेवा कार्यालय, गाईघाट, उदयपुर।
२. प्रशिक्षण केन्द्र/स्थलः यातायात व्यवस्था सेवा कार्यालयदेखि ४ कि.मी. भित्र राष्ट्रिय राजमार्गबाट पायक पर्ने स्थानमा हुनुपर्नेछ।
३. प्रशिक्षण केन्द्र भएको जग्गाको प्रकृति, क्षेत्रफल एवम् मापदण्डहरु सवारी चालक प्रशिक्षण सञ्चालन निर्देशिका, २०७४ तथा सवारी चालक अनुमतिपत्रको परीक्षा सञ्चालन गर्ने निर्देशिका, २०७७ (संसोधित) बमोजिम भएको हुनुपर्नेछ।
४. प्रचलित कानून बमोजिम ड्राइभिङ सेन्टर सञ्चालन इजाजत पत्र प्राप्त भएको र अवधि समाप्त भएको भए नविकरणसमेत भएको हुनुपर्नेछ ।
५. ट्रायल सेन्टर परिसरमा शुद्ध पिउने पानी, प्रतिक्षालय एवम् महिला पुरुषको छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको हुनुपर्नेछ ।
६. ट्रायल सेन्टर परिसरमा पर्याप्त पार्किङस्थल भएको हुनुपर्नेछ ।
७. मोटरसाईकल, स्कुटर तथा हलुका सवारी साधनको हकमा उत्पादन बर्षले ज्ञण बर्ष नकाटेको सवारी साधन हुनुपर्नेछ।
८. प्रयोगात्मक परीक्षास्थल तथा प्रयोग हुने सवारीको मर्मत सम्भार गर्नु परेमा सोको जिम्मेवारी सेवा प्रदायक (ड्राइभिङ सेन्टर) को हुनेछ ।
९. Full Coverage CC Camera, Electric Backup लगायका अन्य आवश्यक ईलेक्ट्रोनिक सामाग्रीहरुको व्यवस्थापन भएको हुनुपर्नेछ।
१०. ड्राईभिङ सेन्टर सञ्चालन गर्ने प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, आयकर द्दण्ठ्ठाण्ठड को करचुक्ता प्रमाणपत्र, व्यवसायिक दर्ता प्रमाणपत्र र कालो सूचिमा नपरेको दर्ता भएको स्वघोषणा पत्र संलग्न भएको हुनुपर्नेछ।
११. यो सूचना प्रकाशन भएको १६औं दिन दिनको १२ बजेभित्र आसय पत्र दर्ता गरिसक्नु पर्नेछ। सोही दिनको २:०० बजे प्रस्ताव प्रस्तावकका प्रतिनिधि र कार्यालय प्रतिनिधिको रोहवरमा उक्त आसयपत्र खोलिने छ। उक्त दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट सोहीबमोजिम हुनेछ । म्यादभित्र प्राप्त आसय पत्रलाई मात्र मान्यता दिइनेछ ।
१२. पेस भएका आसय पत्रहरु आंशिक वा पूर्णरुपले स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहित रहनेछ।
१३. आशयपत्रशुल्कः रु.१,०००।- यस कार्यालयको राजश्व शाखामा बुझाई कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ।
१४. सूचनासम्बन्धी अन्य थप कुरा बुझ्न परेमा सूचना अधिकारीको सम्पर्क नं. **9852835027** मा बुझ्न सकिनेछ।

## सम्पादकीय

# तिजलाई उपलब्धीमुलक बनाऊ ।

नारी तथा महिलाहरुले तिज पर्व मनाउने क्रम पछिल्लो समयमा परिवर्तित हुँदै भड्किलो र खर्चिलो हुँदै गएको छ। अहिले तिज पर्व हुने खानेहरुको लागि समय ब्यतित गर्ने, जमघट गर्ने, भेला हुने, खुशी हुने, सुख दुख, पिर ब्यथा साटासाट गर्ने माध्यम बनेको छ तिज । त्यति मात्र होईन अहिले पछिल्लो समय तिज पर्वले महिलाहरुमा खुशी, सुख र सम्वृद्धिको माध्यम बनेको छ तिज । तिज पर्व महिलाहरुको लागि जमघट हुने नाच्ने र दर खाने प्रचलनको रुपमा बिकशित हुँदै गएको छ ।

अहिले तिज पनि भड्किलो, खर्चिलो, अब्यबहारिक र पर्ब जस्तै बनेको छ । तिज खास बिशेष दिनमा खास कार्यक्रम र अर्थको रुपमा, बिशेषताको रुपमा मुल्य र मान्यता स्वरुप मनाउनुपर्नेमा तिज पछिल्लो समय अब्यबहारिक बन्दै गएको छ । तिजमा खास अर्थ भनेको महिला दिदी बहिनीहरु ब्रत बस्ने, आफ्नो श्रीमानको दिर्घ जिबनको कामना गर्ने, नारीहरुले ब्रत बस्ने राम्रा हुनेवाला पतिको कामना गर्ने प्रचलन भए पनि तिज को अब्यबहारिक मान्यताहरु बढ्दै गएको छ । तिज पर्ब अहिले तिज सुरु हुनु भन्दा एक महिना अघिदेखि नै दर खाने कार्यक्रम सुरु हुन्छ। तिजमा खासै जनचेतना, सामाजिक काम, ब्यबहारिक काम भएको पाईएन। समाजलाई परिबर्तित र सोचमग्न हुन दिने कुनै काम भएको पाईएन । तिज पर्वमा महिला, नारीहरुको सिप बिकास, क्षमता बिकास, महिला नारीहरुको आर्थिक अबस्था सुधार गर्ने खासै उल्लेखनिय काम भएको पाईएन । भयो त खास खाने, रमाउने झुम्ने, नाच्ने । हो तिज महिना बिशेष गरेर महिलाहरुको लागि नाच्ने, खाने, रमाउने दिन नै हो । तिजमा बिशेष गरेर महिलाहरुले कुनै एक बिशेष समारोह आयोजना गरी नाचेर मनाउने गरेको पाईन्छ। तिजमा ब्रत बसेर , भोकै पेट बसेर ब्रत बस्ने भन्दा पनि अहिले पेटभरी खाएर रमाउने गरेका महिला, नारीहरुको सवल पक्ष हुन् ।

महिलाहरुले तिज पर्वलाई अहिले महिनौ दिन मनाईरहँदा गर्नुनै पर्ने भनेको महिलाहलाई सहज दैनिक जिबन बिताउने बारेमा सोच्नुपर्ने, मनन गर्नुपर्ने, ब्यबहारिक कुरा हुन्। ति बाहेक आधा आकाश ओगटेको महिलाहरुले समाज परिबर्तनको लागि अमुल्य योगदान गरेका छन् । त्यसको लागि भए पनि यस्ता महिला, नारीहरु मात्र भेला भएका दिन महिलाहरुलाई नेतृत्वमा कसरी पुराउने, महिलाहरुको क्षमता, सिप, बिकासमा कसरी बिकास गने भन्ने बिषयमा सोच्न जरुरी छ । यदि महिलाहरुले चाहाने हो भने कुनै पनि क्षेत्र, संस्ता, दल, पाटीमा महिलाहरुलाई नेतृत्वमा पुर्याउन सकिन्छ । तर भयो यहा महिलाहरु तिजको दिन आफुहरुको बिकासको लागि भन्दा पनि कसरी रमाउने, समय ब्यतित गर्ने भन्ने बिषयमा नै महिलाहरु अलमलिए । महिलाहरुलाई अगाडी बढाउन कुनै पनि काम भएको पाइएन। महिलाहरुको प्रगति, बिकासको लागि कुनै खास विशेष समिक्षा, बहस र नतिजामुखी काम भएन। अब भने महिलाहरुले फरक धार, फरक सोच बनाएर भए पनि अघि बढ्न जरुरी छ।

## गाईघाट बजारको खुद्रा तरकारी भाउ ।

| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १६, धनियाँ | रु ४० |
| २, अदुवा | रु १२० | १७, लोकल बोडी | रु १०० |
| ३, टमाटर | रु ५० | १८, खर्बुजा | रु ४० |
| ४, बन्दा | रु ६० | १९, रायो साग | रु १६० |
| ५, भेन्टा | रु ४० | २०, लट्टे साग | रु ८० |
| ६, खुर्सानी | रु ७० | २१, प्याज | रु ६० |
| ७, मुला | रु १२० | २२, निगुरो | रु ६० |
| ८, पर्वल | रु ६० | २३ दुध | रु. ७० |
| ९, तितेकरेला | रु १०० | २४, दही | रु ९० |
| १०, भिन्डी | रु ७० | २५, मोही | रु ५० |
| ११, च्याउ | रु २४० | २६, घ्यु | रु ७०० |
| १२, काउली | रु १६० | २७, राँगाको मासु | रु ४०० |
| १३, पर्सी | रु ४० | २८, बंगुरको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २९, खसीको मासु | रु १,००० |
| १५, काँका | रु ५० | | |




उदयपुर त्रियुगा नगरपालिका ११ गाईघाट संगमटोल शान्तिमार्ग टोलबासीले बुधबार आयोजना गरेको तिज कार्यक्रम । तस्बिर – फेसबुक




# उदयपुरमा थप एक महिलामा कोरोना संक्रपण पुष्टि

❖ मुलुकी संवाददाता

*उदयपुर, भदौ १६*

उदयपुरमा आज (बुधबार) थप एक महिलामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । कटारी नगरपालिका-११ का २२ वर्षीया एक महिलामा संक्रमण पुष्टि भएको हो । योसँगै जिल्लामा कुल संक्रमितको संख्या ३ हजार ४२४ जना पुगेको छ ।

स्वास्थ्य कार्यालयको तथ्याङक अनुसार कोरोनालाई जितेर थप २० जना घर फर्किएसँगै जिल्लामा कोरोना मुक्त




हुनेको संख्या १ हजार ५०० महिला र १ हजार ७७१ पुरुष गरी कुल ३ हजार २७१ जना पुगेको छ । जिल्लामा कोरोनाका सक्रिय संक्रमित ५० महिला र ५१ पुरुष गरी कुल १०१ जना रहेका छन्। जिल्लामा कोरोनाबाट १६ महिला र ३६ पुरुष गरी ५२ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ




## आज...

बलियो टोली भएपनि आफूहरु असली गोर्खाली भएको र यस खेलले अब हुने फिफा वरियतामा प्रभाव पार्ने भएकोले जितकै लागि खेल्ने बताएका छन् । भारतीय मुख्य प्रशिक्षक इगोर स्टीम्याक भने मौसम पुर्वानुमान मिलेमा र वर्षा भएमा रोमाञ्चक खेलको मजा उठाउन नपाइनेमा चिन्तित देखिए । त्यसबाहेक उनले नेपालको पछिल्लो विश्वकप छनौटको खेल राम्रो खेलेको र खेलमा सुधार भएको बताए ।

भारतीय टोलीका कप्तान सुनिल क्षेत्रीले नेपाल आफूहरुको लागि सधैं एक कठिन टोली रहेको बताए । नेपाली मुलका क्षेत्रीले नेपालप्रति आफ्नो नरम भावना रहेपनि खेलको लागि मैदान उत्रिँदा त्यो नरहने र आफ्नो आमा अनि हजुरबुवा हजुरआमा नेपालको भएकोले आफूले खेलकुद सँस्कृती र अनुशासन आमाबाट सिकेको बताए । अहिलेपनि उनको आफन्तहरु झापा, काठमाडौँ र पोखरामा छन् । अहिलेसम्म भेटेको सबैखाले प्रतियोगितामध्ये भारत नेपालसँग १३ मा विजयी, चारमा बराबरी र दुईमा मात्र पराजित भएको छ । कोरोनाविरुद्धको खोप लगाएको वा कोरोना नेगेटिभ रिपोर्ट देखाउने ५१०० दर्शकलाई अखिल नेपाल फुटबल संघ (एन्फा) ले सरकार सँग अनुमति लिएर मैदानमा प्रवेश दिने भएको छ । हिमालय टेलिभिजनले मैत्रीपूर्ण खेलको प्रत्यक्ष प्रशारण गर्ने छ । यता सी डिभिजन छनौटमा तार्केश्वर युथ क्लब ८-० को भारि अन्तरले पराजित भएको छ । यद्यपि उक्त हार जारी प्रतियोगितामा सबैभन्दा फराकिलो भने होइन । यसअघि समुह सी मा भर्सिटी क्लबले आर सी ३२ सँग ८-० र बनेपासँग १३-१ ले पराजित हुँदै बाहिरिएको थियो ।

समुह ई मा तार्केश्वरलाई हराउन नेपाल स्टार युवा क्लबका लागि म्यान अफ द म्याच अमिश पण्डितले पहिलो, १९, ३७ र ७३ औँ मिनेटमा चार गोल गरे। उमेश श्रेष्ठले आठौँ, सुजन थापाले २४, अजिस महतले ६४ र सुदिप खड्काले ८५ औँ मिनेटमा एकएक गोल थपे । समुह एफ मा डिफेन्डर अमित तामाङले नवौँ मिनेटमा गरेको एकमात्र गोलले धादिङको शुभरम्भ युवा समाज लगनशिल युवा क्लबलाई हराउन सफल भयो । विपक्षिका धेरै प्रहार विफल पार्ने शुभरम्भाका गोलरक्षक सुमन घले म्यान अफ द म्याच चुनिए ।

## ताप्लीबाट अरुले सिक्ने कि ?


ताप्ली गाउँपालिका वडा नम्बर १ ओख्ले गैरीगाउँ उदयपुरका ७८ बर्षिय मनमाया आले मगर




ताप्ली गाउँपालिका वडा नम्बर १ ओख्ले उदयपुरका वडाध्यक्ष गोविन्द बिक्रम सेन ।

## ताप्ली ओख्लेतिरका हामी ।

उदयपुर जिल्लाको ताप्ली गाउपालिकाको वडा नम्बर १ ओख्ले गैरी गाउँका ७८ बर्षिय मनमाया आले मगर सामाजिक सुरक्षा अर्न्तगत बृद्धभत्ताको लागि भदौ १२ शनिबारदेखि १४ गते सोमबारसम्म चलेको तिनदिने शिबिरमा ताप्ली गाउपालिकाको केन्द्र रुपाटारमा रहेको प्राइम बैङ्कमा खाता खोल्न आएका हुन् । ताप्ली १ ओख्लेमा २५० जना सामाजिक सुरक्षा भत्ता लिने सेवाग्राही वृद्धबृद्धा रहेका छन् । तस्बिर - बुद्धि कुमार राइ


## हार्दिक श्रदाञ्जली


स्वर्गिय रामशेर राई

जन्म
बि.स. - २०३० साल भदौ २ गते

निधन
बि.स. - २०७८ भदौ ५ गते शुक्रबार

मुलुकी दैनिकका सहकर्मी तथा नेपाल पत्रकार महासंघ उदयपुरका सहसचिब श्रृषि राईका दाई कटारी साप्ताहिकका सम्पादक, शिक्षक रामशेर राईको जन्म २०३० साल भदौ २ गते भई यहि मिति २०७८ साल भदौ ५ गते शुक्रबार कटारी नगरपालिका ३ उदयपुरमा असामायिक निधन भएकोमा हार्दिक श्रदाञ्जली अर्पण गर्दछौ । साथै शोकसन्तप्त परिवार प्रति धैर्यधारण गर्ने शक्ति मिलोस । हार्दिक श्रदाञ्जली ।

बुद्धिकुमार राई
(सम्पादक)
मुलुकी










यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ । साथै विभिन्न स्कुल




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिरको पुलको दक्षिण ।

## सानुमाया फर्निचर उद्योग






प्रोपाईटर



सानुमाया फर्निचर उद्योग

# आज नेपाल र भारतले मैत्रीपुर्ण खेल्दै

❖ बिबेक राई

*उदयपुर, भदौ १६*

आज नेपाल र भारतले काठमाडौं त्रिपुरेश्वरस्थीत दशरथ रंगशालामा मैत्रीपूर्ण खेल खेल्दैछन् । खेल साँझ ५:३० बजेदेखि कृत्रिम प्रकाशमा खेलाइने छ । मैत्रीपूर्ण खेलकै लागि भारतीय टोली सोमबार नै नेपाल आइसकेको थियो । नेपाली टोली पनि पोखरामा करिब १७ दिनको बन्द प्रशिक्षणपछि राजधानी आइसकेको छ । दुवै टोलीले आउँदो साफ च्याम्पियनसिपको तयारीको लागि मैत्रीपूर्ण खेल खेल्न लागेका हुन्। नेपाल र भारतले खेल्ने दुई मैत्रीपूर्ण खेलमध्ये अन्तिम एक खेल चाँहि आईतबार हुनेछ ।

मैत्रीपूर्ण खेलअघि बुधबार गरिएको पत्रकार सम्मेलनमा नेपाली टोलीका कप्तान किरण लिम्बूले आफूहरु तयार रहेको बताएका छन्। भारत बलियो टोली भएपनि आफूहरु मानसिक र शारीरिक रुपमा तयार रहेको र यसै खेलले आफ्ना बलिया र कमजोर पक्षहरु पत्ता लाग्ने बताएका छन्। उनी अहिलेको टोलीको कप्तान एवम् सबैभन्दा अनुभवि खेलाडी हुन्। त्यसबाहेक उनी पहिलो रोजाइका गोलरक्षक भएकोले पनि उनको आज मैदान उत्रिने ज्यादा सम्भावना छ ।

यदि आज उनी मैदान उत्रिएमा नेपाली टोलीका लागि सबैभन्दा बढि खेल खेल्ने अर्थात सबैभन्दा बढि क्याप जित्ने खेलाडीको किर्तिमान गर्नेछन् । यसअघि पूर्व खेलाडी विराज महर्जनको नाममा ७३ क्याप खेलेको इतिहाँस छभने उनले ७२ क्याप जितिसकेका छन् । अझ भारतसँग हुने दास्रो मैत्रीपूर्ण खेलमा मैदान उत्रिएभने लिम्बूले सबैभन्दा बढि क्याप जित्ने किर्तिमान रच्नेछन् । त्यसैगरि नेपाली टोलीका कुवेती मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले भारतसँगको इतिहाँसले केहि फरक नपर्ने बताएका छन् ।

विगतमा भारतले बाजी मार्दै आएपनि योपटक बराबरी पनि नभई जितको लागिमात्र मैदान उत्रिने बताएका छन्। उनले भारत *- बाकी ३ पेजमा*

# ताप्लीमा ब्याडमिन्टन प्रति आकर्षण





उदयपुर जिल्लाको ताप्ली गाउपालिकाको केन्द्र रहेको स्याटारको गाउँपालिकाको कार्यालय परिसरमा ब्याडमिन्टन खेल्दै ताप्ली गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत रामचन्द्र लामा। अहिले पछिल्लो समय ब्याडमिन्टन खेल गाउँ - गाउँमा आकर्षण हुँदै गएको छ । तस्विर - बुद्धि कुमार राइ









प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट